# पाँचपोखरी थाङ्गपाल गाँउपालिकाको "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) दिएको अधिकार प्रयोग गरि पाँचपोखरी थाङ्गपाल गाउँपालिकाले तत्काल कार्यान्यन गर्नका लागि वान्छनीय ठानी यो कार्यविधि मिति २०७५।१।३१ गते जारी गरेको छ ।

## (१) इजाजत प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न हुदैन ।

## (२) नयाँ इजाजत पत्र सम्वन्धी व्यवस्था

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसुची १ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्ने इजाजत पत्रको लागि यस पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको कार्यालयका दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम पर्न आएका निबेदन उपर जाचँबुज गर्नका लागि देहाय वमोजिमको समिति हुनेछ :

क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी संयोजक

(ख) पुर्वाधार क्षेत्र हेर्ने कार्यपालिकाले तोकेको संयोजक सदस्य

(ग) कार्यालयको सिभिल इन्जिनियर सदस्य सचिव

(३) दफा (२) उपदफा (१) को प्रयोजनका लागि प्राप्त भएका निबेदन उपर जाच गर्न दफा (२) को उपदफा (२) बमोजिम गठित समितिले आबश्यक परेमा अन्य व्यक्तिलाइ आमन्त्रण समेत गर्न सक्ने छ ।

(४) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरुलाई प्रमूख प्रशासकीय अधिकृतले अनुसुचि ५ वमोजिमको योग्यता भए नभएको सम्वन्धमा उपदफा (२) बमोजिम गठित समितिबाट जाँच गराइ समितिले दिएको सिफारिस साथ इजाजत प्रदान गर्ने निर्णयका लागि गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने छ ।

(५) उपदफा ( २) बमोजिम गठित समितिको सिफारिस सहित न्यूतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म कम्पनीहरुको इजाजतपत्र गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकिय अधिकृतले इजाजत बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गर्ने छ ।

## (३) इजाजतको अवधि र नविकरण

(१) दफा (२) बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा (४) बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक चालु आर्थिक बर्षको अन्तसम्म मात्र मान्य रहने छ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजत पत्रको अवधि समाप्त भएको ३ महिना भित्र अन्य निकाय र यस कार्यालयलाइ तिर्नु पर्ने कर तिरी सम्वन्धित कर कार्यालयबाट कर चुक्ता प्रमाण पत्र र अन्य नियमनकारी निकायवाट नविकरण गरेको प्रमाण सहित इजाजत पत्र नविकरणका लागि निवेदन दिएको खण्डमा कार्यालयले अनुसुचि २ बमोजिमको शुल्क लिइ नबिकरण गर्नु पर्ने छ । इजाजत पत्र नविकरण गर्न र कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न कार्यालय वाध्य हुने छैन ।

(३) उपदफा २ बमोजिम म्याद नाघेको ६ महिना भित्र सवै प्रकृया पुरा गरि इजाजत पत्र नविकरण गर्न चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीयअधिकृतले इजाजत पत्र नवीकरण गरीदिने छ ।

## (४) इजाजतपत्रको खारेजी

(१) देहायका अवस्थामा यस कार्यालयले निर्माण व्यवसायीको इजाजत खारेज गर्न सक्ने छ ।

क) झुट्टा विवरण पेश गरी इजाजत पत्र प्राप्त गरेको प्रमाणित भएमा

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उधेश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा

ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको भनि सम्वन्धित निकायबाट लेखि आएको खण्डमा

घ) सम्बन्धीत निर्माण व्यवसायिले गरेको काम गुणस्तरहिन भएको भनि सम्बन्धी निकायबाट प्रमाणित भएमा

(२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु अधि सम्वन्धित निर्माण व्यवसायीलाई मनासिव माफिकको स्पस्टिकरण पेश गर्न कम्तिमा १५ दिनको म्याद दिइ सुचना दिइने छ ।

(३) दफा ३ को उपदफा ३ वमोजिमको म्याद भित्र नविकरण हुन नआएमा निर्माण व्यवसायीको इजाजत पत्र स्वत खारेजी हुनेछ ।

(४) उपदफा १ र ३ वमोजिम इजाजत पत्र खारेजी भएमा यस कार्यालयले सम्वन्धित फर्म वा कम्पनी वा दर्ता गर्ने कार्यालय वा नियमनकारी निकायलाइ जानकारी दिइने छ ।

## (५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउँ भनि निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी प्रमाणका आधारमा दिइने छ ।

**(६) प्रचलित कानून बमोजिम हुने**

यस कार्यविधिमा लेखिएको हकमा यसै कार्य्विधि वमोजिम र नलेखिएको हकमा प्रचलित कानून बमोजिम हुने छ ।

**(७ ) बचाउ**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## अनुसूची - १
## कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्बन्धित

**ईजाजतपत्रको लागि दिईने  दरखास्त**

**<u>विषयः ईजाजत पत्र पाउँ भन्ने बारे ।</u>**

श्री पाँचपोखरी थाङ्गपाल गाउँपालिकाको कार्यालय
थाङपालधाप, सिन्धुपाल्चोक

यस........................................................................ कार्यालयको कार्यविधि ................................... बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्रपाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने  फर्म वा कम्पनीको-

नाम :

ठेगाना :

पोष्ट बक्स :

टेलिफोन नं : फ्याक्स नं

ईमेल :

२. फर्म वा कम्पनीको प्रकृति

प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी ☐

एकलौटी ☐ साझेदारी ☐

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :

नाम थर :

ठेगाना:

टेलिफोन नं :                    फ्याक्स नं :

ईमेल:

४. फर्म वा कम्पनीको विवरण

दर्ता नं

दर्ता मिति

अधिकृत पूँजी

जारी पूँजी

५. ईजाजत लिन चाहेको वर्ग : (घ) वर्ग

६. समुहीकरण हुन चाहेको समूह :

७. आर्थिक श्रोतको विवरण

| | रकम | वित्तिय संस्था, बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

७. कामदारको विवरण

(क) प्राविधिक

(ख) अप्राविधिक

(ग) अन्य

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरिनामा पेश गर्ने छ ।

८. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण

| सि.नं | नाम तथा विवरण | दर्ता नं | क्षमता सङ्ख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्यः** यस विवरणमा उल्लिखित सवारी तथा मेशिनरी औजारहरूको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनुपर्नेछ ।

१० यसअघि सम्पन्न गरेको कामको विवरण :

| सि. नं | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कदाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

कर चुक्ता गरेको प्रमाण कागजात :

क.

ख.

ग.

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ, झुट्ठा ठहरे कानुन बमोजिम सहुला बुझाउँला :

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको

दस्तखत

मिति

**द्रष्टव्य:**

यस दरखास्त फारमसाथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

# अनुसूची २

## कार्य्विधीको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

| क्र. सं. | निर्माण व्यवसायी को वर्ग | ईजाजत पत्र दस्तुर | ईजाजत पत्र नवीकरण दस्तुर | ईजाजत पत्र नवीकरण थप दस्तुर | ईजाजत पत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. ३०,००० | रु. १०,००० | रु. १०,००० | रु. २००० |

**द्रष्टव्य :** घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २० बमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्याद भित्र ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नु पर्नेछ ।

## अनुसूची ३
## कार्यविधिको दफा २ को उपदफा (१) रदफा ३ को उपदफा(३) सँग सम्बन्धित

## पाँचपोखरी थाङपाल गाँउपालिका
## गाँउकार्यपालिकाको कार्यालय
## थाङपालधाप, सिन्धुपाल्चोक

## ईजाजत-पत्र

ईजाजतपत्र नं ......................
मिति ...............................

घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............................................................ कार्यालय भएको ........................................................ फर्म वा कम्पनीलाई ईजाजतपत्र प्रदान गरिएको छ,

(यस वृत भित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने)

ईजाजतपत्र दिनेको
दस्तखत
नाम
पद
मिति

नविकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क्र. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण |
|---|---|---|---|---|---|---|
| | | | | | क. ठेक्का रकम ......... ख. सम्झौता मिति........... ग. ठेक्का अवधि........... | क. नाम ............... ख.पद ............... ग. हस्ताक्षर ............... घ.छाप ............... |

| सिन | समयावधि थप विवरण(यदि भएमा) थप गर्ने | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | पदाधिकारी | | | |
| | क. थप समय ................<br><br>क. नाम..............<br><br>ख.पद............<br><br>ग. हस्ताक्षर ................<br><br>घ. निर्णय मिति..........<br><br>ङ.छाप ......... | क. Variation पछिको Contract Amount<br><br>क. Variation को निर्णय गर्ने पदाधिकारीको नाम............ ...........<br><br>ख.पद.......... ..................<br><br>ग.हस्ताक्षर .................. .................<br><br>घ.छाप .................. | क. सम्पन्न रकम ..................<br>ख. सम्पन्न मिति ..................<br>ग.सम्पन्न.%.. .................<br><br>घ.नाम ..................<br><br>पद............<br><br>हस्ताक्षर ..................<br><br>छाप .................. | क. अन्तिम ठेक्का रकम...... ............<br><br>ख. सम्पन्न मिति ..... .........<br><br>ग.नाम पद .............<br><br>हस्ताक्षर .............<br>छाप ............. |

## अनुसुची-५

## "घ" वगको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता र उपकरण

**१ आर्थिक क्षमता**

प्राइभेट वा पब्लिक लिमिटड कम्पनि वा राझेदारी फर्मको रुपमा घटिमा ५ लाख रुपयाँको चालु पुंजी देखाइ उद्योग विभागमा दर्ता भएको हुनु पर्दछ ।

**२ आवश्वकिय जनशक्ति**

क. मान्यता प्राप्त शिक्षण सस्थावाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा डिप्लोमा इन्जिनियरिङ गरेको एक जना प्राविधिक जनशक्ति

ख. मान्यता प्राप्त शिक्षणसस्थावाट अर्थशास्त्र वा बाणिज्य शास्त्रमा विषयमा प्रमाण पत्र तह उतिर्ण गरेको एकाउन्टेन्ट

ग. मान्यता प्राप्त शिक्षण सस्थावाट अर्थशास्त्र वा बाणिज्य शास्त्रमा विषयमा प्रमाण पत्र तह उतिर्ण गरेको प्रशासनिक कर्मचारी

घ. माथि उल्लेखित जनशक्तिलाई निर्माण व्यवसायीले पूर्णकालिन रुपमा काम गर्न दिएको नियूक्ति पत्र

३ मेसिन तथा उपकरणहरु

- ट्रिपर, टयाक्टर एक एक थान
- मिक्चर मेसिन एक थान
- Theodolite Level Machine एक थान
- वाटर पम्प तिन थान
- भाइब्रेटर तिन थान
- मोटर साइकल एक थान
- ब्याकु लोडर थान १

## ४ स्पष्टिकरणका लागी

- उपकरणको नामावली पेश गर्दा स्वामित्व खुल्ने प्रमाण बिल तथा उपकरणको चेचिस खुल्ने गरि गरिएको विमा सम्वन्धि कागजात पेश गर्नु पर्ने छ ।
- यान्त्रिक उपकरणहरु ठिक अवस्थामा रहेको भनि मान्यता प्राप्त शिक्षण सस्थाबाट मेकानिकल ईन्जिनियरिङ बिषयमा कम्तिमा स्नातक तहको प्रमाण पत्र लिएको र ईन्जिनियरीङ एशोसिएशनको सदस्यता प्राप्त गरेको मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको कागजात
- माथि उल्लेखित उपकरणहरु यदि भाडामा ल्याएको हो भने उपकरण स्वामिसँग सामाग्री भाडामा कति समयका लागी ल्याएको हो सो खुल्ने गरि गरिएको सम्झौता पत्र अनिवार्य हुनु पर्ने छ । साथै यस्ता सामाग्री भाडा लिने सम्झौताको म्याद समाप्त हुनु १५ दिन अगाबै म्याद थप नभएमा वा ब्यवसायी आफैले कानुन बमोजिम मान्य हुने गरि नया वा तिनै भाडामा लिएका सामाग्री खरिद गरेको प्रमाण पेश नगरेमा निजले लिएको घ वर्गको इजाजत स्वत रद्ध हुनेछ ।
- उल्लेखित उपकरण राख्ने आफ्नै घर भएमा घरको नक्सा र आफ्नो घर नभएको खण्डमा उपकरण राख्नका लागी अरु कसैसँग घर जग्गा भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत